सभाबाट पारित मिति :-

# विनियोजन विधेयक, २०८३

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

२०८३

# कपिलवस्तु नगरपालिकाको विनियोजन विधेयक, २०८३

कपिलवस्तु नगरपालिका, कपिलवस्तु को आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत**

**मिति :**

**प्रस्तावना :** कपिलवस्तु नगरपालिका, कपिलवस्तु २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कपिलवस्तु नगरपालिका, कपिलवस्तुको नगर सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयक नाम "कपिलवस्तु नगरपालिका, कपिलवस्तुको विनियोजन विधेयक,२०८३"रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष** २०८३/०८४ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १३२६६३४००० (अक्षेरुपी रुपैयाँ एक अरब बत्तीस करोड छैटठ्ठी लाख चौतीस हजार मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस विधेयक द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त कपिलवस्तु नगरपालिका, कपिलवस्तुको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यो विधेयक प्रारम्भ भए पश्चात संघीय सरकार, प्रदेश सरकार एवं अन्य निकायबाट प्राप्त हुने शसर्त तथा निशर्त रुपमा हस्तान्तरण हुन सक्ने वित्तिय श्रोतको विनियोजन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## आय व्यय अनुमान

अनुसूची -१

| | | |
|---|---|---|
| | आय | १३२६६३४००० |
| | राजश्व | २८४९५१००० |
| | आन्तरिक श्रोत | ४२८४५००० |
| | आफ्नै आन्तरिक श्रोत | ४२८४५००० |
| | **राजश्व बाँडवाडबाट प्राप्त रकम** | २४२१०६००० |
| ११४११ | संघिय राजश्व | १५४७२०००० |
| ११४५६ | प्रदेश राजश्व | १७३८६००० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३५०००००० |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने बिज्ञापन कर | |
| १४१५३ | बाँडफाँडबाट प्राप्त हुने वन रोयल्टी | |
| १४१५७ | प्राकृतिक श्रोतको बाँडफाड | ३५०००००० |
| | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | |
| | **संघिय सरकार** | ६७८१००००० |
| १३३११ | वित्तिय सामानीकरण | १८४२००००० |
| १३३१२ | सघं सशर्त | ४८६९००००० |
| १३३१७ | सघं समपुरक | ७०००००० |
| | सामाजिक सुरक्षा कार्यक्रम | ३२४१४५००० |
| | **प्रदेश सरकार** | ३९४३८००० |
| १३३११ | वित्तिय सामानीकरण | १२८८८००० |
| १३३१२ | प्रदेश सशर्त | १२५५०००० |
| १३३१७ | प्रदेश समपुरक | १२०००००० |
| १३३१५ | प्रदेश विशेष | २०००००० |
| १३३१२ | स्थानीय तह | ० |

| | | |
|---|---|---|
| | | |
| २ | व्यय | १३२६६३४००० |
| २.१ | चालु खर्च | १०६९११०६४०० |
| २.२ | पूजिगत खर्च | २५७५२७६०० |